जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २८१ | २०८३ साल जेठ १३ गते बुधवार | Wednesday-27-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## शिक्षा पूर्वाधारमा बारागढीको फड्को, अध्यक्ष जयसवालको पहलमा धमाधम विद्यालय भवन निर्माण

*रुपेश यादव*
*बारा, १२ जेठ*

बारागढी गाउँपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्दै विभिन्न विद्यालयमा नयाँ तथा अधुरा विद्यालय भवन निर्माण कार्यलाई तीव्र रूपमा अघि बढाएको छ । गाउँपालिका अध्यक्ष अशोक जयसवालको पहलमा विद्यालय पूर्वाधार विकासलाई विशेष प्राथमिकतामा राखेर काम भइरहेको जनाइएको छ ।



गाउँपालिका अध्यक्ष जयसवालका अनुसार गाउँपालिका र शिक्षा तथा मानव विकास स्रोत केन्द्रको संयुक्त सहकार्यमा विद्यालयको भौतिक पूर्वाधार सुदृढ गर्ने अभियान सञ्चालन गरिएको हो । उनले शिक्षा क्षेत्रको सुधारका लागि निरन्तर लगानी बढाउँदै लगिएको बताए ।

बारागढी गाउँपालिका वडा नम्बर-२ बिसुनपूर्वास्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा हाल चार कोठे नयाँ विद्यालय भवन निर्माण भइरहेको छ । ७५ लाख रुपैयाँको लागतमा निर्माण भइरहेको उक्त भवन गाउँपालिका र शिक्षा तथा मानव विकास स्रोत केन्द्रको संयुक्त लगानीमा बनिरहेको अध्यक्ष जयसवालले जानकारी दिए ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष ब्रिजकिशोर साहले विद्यालयमा लामो समयदेखि भवन अभावका कारण पठनपाठनमा समस्या भइरहेको उल्लेख गर्दै नयाँ भवन निर्माणपछि शैक्षिक गतिविधि सञ्चालनमा सहजता आउने विश्वास व्यक्त गरे ।

त्यसैगरी वडा नम्बर-१ पिपरा बसतपुरस्थित श्री जनता आधारभूत विद्यालयमा अधुरो रहेको भवन निर्माण कार्यलाई पनि अगाडि बढाइएको छ । ५६ लाख रुपैयाँको लागतमा छायाँ नेपाल र गाउँपालिकाको संयुक्त लगानीमा उक्त भवन निर्माण भइरहेको अध्यक्ष जयसवालले बताए ।

यस्तै वडा नम्बर-४ पोखरियास्थित जनसामुदायिक आधारभूत विद्यालयमा ७५ लाख ८६ हजार रुपैयाँको लागतमा नयाँ विद्यालय भवन निर्माण कार्य जारी रहेको जनाइएको छ ।

अध्यक्ष जयसवालका अनुसार गत वर्ष पनि गाउँपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै बुधगाईं र गडहलस्थित सामुदायिक विद्यालयमा जनही एक-एक करोड रुपैयाँको लागतमा विद्यालय भवन निर्माण सम्पन्न गरेको थियो ।

बाँकी तेश्रो पृष्ठमा

## वीरगंज महानगरका मेयर राजेशमान सिंहविरुद्ध पक्राउ पुर्जी जारी

*पर्सा, १२ जेठ*

जिल्ला अदालत पर्साले वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहसहित चार जनाविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ । लिखत सम्बन्धी कसुर, नागरिकता कीर्ते तथा राहदानी सम्बन्धी गम्भीर अभियोगमा अदालतले जिल्ला प्रहरी कार्यालय पर्साको नाममा पक्राउ पुर्जी जारी गरेको हो ।



प्राप्त जानकारीअनुसार मेयर सिंहविरुद्ध चार वटा मुद्दा दर्ता भएका छन् । तीमध्ये हाल लिखत सम्बन्धी कसुरमा पक्राउ पुर्जी जारी गरिएको जनाइएको छ । उनीमाथि अर्काकी छोरीलाई आफ्नै सन्तान देखाएर झुटो विवरणका आधारमा जन्मदर्ता, नागरिकता तथा राहदानी बनाएको आरोप लागेको छ ।

जारी गरिएको पक्राउ पुर्जीको चलानी नम्बर २३९१२ रहेको बताइएको छ । गत जेठ १ गते अदालतमा मुद्दा दर्ता भएसँगै कानुनी प्रक्रिया तथा अनुसन्धानलाई तीव्र बनाइएको हो ।

जिल्ला सरकारी वकिल कार्यालय पर्साले दायर गरेको अभियोगपत्रअनुसार मेयर सिंहले सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकाकी रिता भट्टराईलाई आफ्नी श्रीमतीका रूपमा देखाई २०७१ माघ २० गते रुबिना श्रेष्ठको जन्मदर्ता गराएका थिए । सोही जन्मदर्ताका आधारमा २०७५ साउन १० गते नागरिकता तथा त्यसको १२ दिनपछि राहदानीसमेत बनाइएको अनुसन्धानबाट खुलेको जनाइएको छ । यस प्रकरणमा मेयर सिंहसहित रिता भट्टराई, उनकी छोरी रुबिना श्रेष्ठ तथा वीरगञ्ज महानगरपालिकाका तत्कालीन पञ्जीकरण अधिकारी भिखारी रायविरुद्ध लिखत सम्बन्धी कसुर, नागरिकता कीर्ते तथा राहदानी कीर्ते लगायतका अभियोगमा मुद्दा दायर गरिएको छ ।

प्रहरी स्रोतका अनुसार अदालतको आदेशपछि आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ भने अनुसन्धानलाई थप तीव्र पारिएको छ । जिल्ला प्रहरी कार्यालय पर्साले प्रमाण संकलन तथा प्राविधिक अनुसन्धानलाई सूक्ष्म रूपमा अगाडि बढाइरहेको जनाएको छ ।

पर्साका प्रहरी उपरीक्षक सुदीप राज पाठकले अनुसन्धान प्रक्रियालाई पारदर्शी तथा प्रभावकारी बनाउन प्रहरी प्रतिबद्ध रहेको बताएका छन् । अदालतबाट पक्राउ पुर्जी जारी हुनु प्रहरीको सक्रिय अनुसन्धानकै परिणाम भएको उनको भनाइ छ ।

जिल्ला अदालत पर्साका श्रेस्तेदार प्रभाकरकुमार मल्लिकका अनुसार सरकारी वकिल कार्यालयले मुलुकी अपराध संहिता-२०७४, नागरिकता ऐन-२०६३ तथा अपराध पीडित संरक्षण ऐन-२०७५ अन्तर्गत विभिन्न कसुरमा कडा सजायको मागदाबी गरेको छ । उक्त अभियोग प्रमाणित भएमा दोषीलाई १५ हजारदेखि ५ लाख रुपैयाँसम्म जरिवाना तथा ६ महिनादेखि ३ वर्षसम्म कैद सजाय हुन सक्ने कानुनी व्यवस्था रहेको जनाइएको छ ।

पक्राउ पुर्जी जारी भएपछि स्थानीय तहदेखि राजनीतिक वृत्तसम्म यस विषयले व्यापक चर्चा पाएको छ भने प्रहरीले अभियुक्तहरूको खोजी तथा थप कानुनी प्रक्रिया अघि बढाएको जनाएको छ ।

## मधेश सरकारको बजेट अन्योलमा, स्थानीय विकास ठप्प

*शु.आ. सम्बाददाता*
*रौतहट, १२ जेठ*

जेठ महिनाको आधा समय बितिसक्दा पनि मधेश प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तयारी अन्योलमै रहेपछि रौतहटसहित मधेशका आठै जिल्लामा विकास निर्माणका काम प्रभावित भएका छन् । प्रदेश सरकार गठन र विघटनको राजनीतिक खेलले बजेट निर्माण प्रक्रिया नै प्रभावित बनेपछि स्थानीय तहदेखि निर्माण व्यवसायीसम्म चिन्तित देखिएका छन् ।




प्रदेश सरकारबाट समयमै बजेटको सिलिङ, नीति तथा मार्गदर्शन नआउँदा स्थानीय तहहरूले आगामी नगरसभा तथा गाउँसभाको तयारी अघि बढाउन सकेका छैनन् । अधिकांश पालिकामा योजना छनोट, बजेट प्राथमिकता निर्धारण तथा विकास कार्यक्रमको खाका तयार पार्ने काम रोकिएको छ ।

रौतहटस्थित एक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले नाम नखोल्ने शर्तमा भने, "प्रदेश सरकारबाट बजेटसम्बन्धी कुनै स्पष्ट संकेत आएको छैन । पुराना योजनाको भुक्तानी रोकिएको छ भने नयाँ योजना कसरी बनाउने भन्ने अन्योल छ । यस्तो अवस्थामा परिषद्को तयारी गर्न निकै कठिन भइरहेको छ ।"

असार नजिकिँदै गर्दा मनसुन सुरु भइसकेको अवस्थामा विकास निर्माणका काम थप संकटमा परेका छन् । प्रदेश सरकारबाट भुक्तानी निकासा नहुँदा सडक, ढल, ग्राभेल तथा अन्य पूर्वाधार निर्माणका काम अलपत्र परेका छन् । निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरूले समयमा बजेट नआए विकास योजनाहरू असारे विकासको शिकार बन्ने र ठूलो रकम फ्रिज हुने खतरा बढेको बताएका छन् ।

स्थानीय निर्माण व्यवसायीहरूका अनुसार अहिले धेरै योजना कागजमै सीमित हुने अवस्था सिर्जना भएको छ । "पानी परिसक्यो, अब बजेट आएर मात्रै काम सुरु गर्दा गुणस्तरीय काम सम्भव हुँदैन," एक निर्माण व्यवसायीले गुनासो गरे ।

यता बजेट ढिलाइको विषयले राजनीतिक रंग पनि लिन थालेको छ । मधेश सरकारभित्रको सत्ता समीकरण, मन्त्रालय भागबण्डा तथा सरकार टिकाउने-ढाल्ने खेलकै कारण बजेट निर्माण प्रक्रिया प्रभावित भएको आरोप लागिरहेको छ । त्यसमाथि योजना किनबेच तथा कमिसनको खेल भइरहेको चर्चा बजारमा व्यापक छ । रौतहटका चिया पसलदेखि सरकारी कार्यालयसम्म पहुँचवालाहरूले आफ्ना अनुकूलका योजना पार्न मन्त्रालय धाइरहेको चर्चा चलिरहेको छ । स्थानीयवासीहरूले ठूला योजनाहरूमा बिचौलियाको चलखेल बढेको आरोप लगाएका छन् । कतिपयले योजना छनोटभन्दा पनि "कसको पहुँच बलियो" भन्ने आधारमा बजेट विनियोजन हुन लागेको आशंका व्यक्त गरेका छन् ।

नागरिक समाज, बुद्धिजीवी तथा स्थानीय सरोकारवालाहरूले प्रदेश सरकारलाई राजनीतिक स्वार्थभन्दा माथि उठेर तत्काल बजेट प्रक्रिया टुंग्याउन आग्रह गरेका छन् । उनीहरूले विकास र जनताको सेवाभन्दा सत्ता जोगाउने खेललाई प्राथमिकता दिइएको भन्दै आलोचना गरेका छन् ।

मधेश प्रदेशको चालु आर्थिक वर्षमा हालसम्म पुँजीगत खर्च अत्यन्त न्यून रहेको तथ्यांक सार्वजनिक भइरहेका बेला आगामी वर्षको बजेटसमेत अन्योलमा पर्दा विकासको गति थप कमजोर हुने देखिएको छ । प्रदेश सरकारको कमजोर कार्यक्षमताले मधेशको विकास वर्षेनि पछाडि धकेलिँदै गएको स्थानीयहरूको आरोप छ ।

संवैधानिक व्यवस्था अनुसार स्थानीय तहहरूले असार १० गतेभित्र आफ्नो बजेट सार्वजनिक गर्नुपर्ने प्रावधान रहे पनि प्रदेश सरकारबाट आवश्यक मार्गदर्शन र स्रोतको स्पष्टता नआउँदा स्थानीय जनप्रतिनिधिहरू समेत दबाबमा परेका छन् । समयमै बजेट व्यवस्थापन हुन नसके मधेश प्रदेशका अधिकांश पालिकाहरूले आगामी आर्थिक वर्षको विकास कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्ने चिन्ता बढेको छ ।

## श्री रामजानकी मन्दिरको जग्गा खाली गर्न आदर्श कोतवाल गाउँपालिकाको सूचना

*शु.आ. सम्बाददाता*
*बारा, १२ जेठ*

बाराको आदर्श कोतवाल गाउँपालिकाले वडा नम्बर-१ चिउटाहा गाउँस्थित श्री रामजानकी मन्दिरको जग्गा खाली गर्न सम्बन्धित पक्षलाई ३५ दिने सूचना जारी गरेको छ । गाउँपालिकाले धार्मिक स्थल संरक्षण तथा व्यवस्थापन ऐन-२०८२ अनुसार मन्दिरको जग्गा संरक्षण र व्यवस्थापनका लागि उक्त सूचना सार्वजनिक गरेको हो ।




गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विजय कुमार चौरसियाद्वारा जारी सूचनामा श्री रामजानकी मन्दिरको व्यवस्थापन समिति गठन प्रक्रियाविरुद्ध सम्मानित उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जमा रिट दर्ता भएको उल्लेख गरिएको छ । अदालतले उक्त रिट खारेज गरेपछि समिति गठन प्रक्रियाले वैधानिकता प्राप्त गरेको जनाइएको छ । सूचनाअनुसार अब मन्दिरको सम्पूर्ण जग्गा व्यवस्थापन समितिमार्फत संरक्षण तथा व्यवस्थापन गरिनेछ । गाउँपालिकाले मन्दिरको जग्गा कुनै व्यक्ति वा पक्षले प्रयोग गरिरहेको भए ३५ दिनभित्र खाली गर्न निर्देशन दिएको छ ।

तोकिएको अवधिभित्र जग्गा खाली नगरे प्रचलित कानुनबमोजिम गाउँपालिकाले आवश्यक प्रक्रिया अपनाई खाली गराउने चेतावनीसमेत सूचनामा दिइएको छ ।

गाउँपालिकाले धार्मिक स्थलको संरक्षण, व्यवस्थापन तथा सार्वजनिक सम्पत्तिको उचित उपयोग सुनिश्चित गर्न यस्तो कदम चालिएको जनाएको छ । सूचना सार्वजनिक भएसँगै स्थानीय स्तरमा यस विषयले चर्चा पाएको छ ।

स्थानीयवासीहरूले धार्मिक तथा सार्वजनिक सम्पत्तिको संरक्षण आवश्यक रहेको बताउँदै विवाद समाधान गरी व्यवस्थित व्यवस्थापन हुनुपर्ने धारणा व्यक्त गरेका छन् ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्युटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# सेवा सुधारको बहस अब व्यवहारमा केन्द्रित हुनुपर्छ

सरकारी कार्यालयहरु जनताको सेवाका लागि स्थापना गरिएका निकाय हुन् । तर दुर्भाग्यवश नेपालका धेरै सार्वजनिक कार्यालयहरु अझै पनि ढिलासुस्ती, झन्झट, पहुँचको राजनीति र बिचौलियाको प्रभावबाट मुक्त हुन सकेका छैनन् । यातायात व्यवस्था कार्यालयहरु त वर्षौंदेखि यस्तै विकृतिको उदाहरणका रुपमा चर्चा हुँदै आएका छन् । यही सन्दर्भमा यातायात व्यवस्था कार्यालय कलैयाका प्रमुख चिन्तन आचार्यले कार्यालयमा विभिन्न समूह तथा राजनीतिक दबाब आउने गरेको स्वीकार गर्नुले सार्वजनिक प्रशासनभित्रको वास्तविक अवस्था उजागर गरेको छ ।

कार्यालय प्रमुखले आफूहरु नियम र प्रक्रिया अनुसार काम गरिरहेको बताएका छन् । यो सकारात्मक पक्ष अवश्य हो । तर वास्तविक प्रश्न के हो भने सेवाग्राहीले कार्यालयमा पुग्दा सहज, छिटो र निष्पक्ष सेवा पाउँछन् कि पाउँदैनन्? जनताले सरकारी कार्यालयको मूल्यांकन भाषणबाट होइन, सेवा पाउने अनुभवबाट गर्छन् ।

नेपालका अधिकांश सरकारी कार्यालयमा बिचौलियाको समस्या किन गहिरिँदै गएको छ भन्ने विषयमा गम्भीर समीक्षा आवश्यक छ । जब सेवाग्राहीले स्पष्ट सूचना पाउँदैनन्, पटक-पटक धाउनुपर्छ, समयमै काम हुँदैन र कर्मचारी जिम्मेवार देखिँदैनन्, त्यही अवस्थाले बिचौलियालाई अवसर दिन्छ । त्यसैले बिचौलियाको समस्या केवल सामाजिक प्रवृत्ति मात्र होइन, प्रशासनिक कमजोरीको परिणाम पनि हो ।

यातायात कार्यालयले सहायता डेस्क, सूचना अधिकारी, टोकन प्रणाली तथा नागरिक सहायता सेवा सुधारको प्रयास थालेको कुरा सकारात्मक संकेत हो । तर सुधारको वास्तविक परिणाम सेवाग्राहीको अनुभवमा देखिनुपर्छ । यदि नागरिकले बिना पहुँच, बिना सिफारिस र बिना बिचौलिया सहज रुपमा सेवा पाउन थाले भने मात्र सुधार सफल भएको मान्न सकिन्छ ।

राजनीतिक हस्तक्षेप सार्वजनिक प्रशासनको अर्को गम्भीर समस्या हो । सरकारी कार्यालयहरुमा बाह्य दबाब रहिरहँदा निष्पक्ष सेवा प्रवाह कमजोर बन्छ । कर्मचारीले पनि दबाबलाई बहाना बनाएर जिम्मेवारीबाट पन्छिने होइन, कानुन र सुशासनको पक्षमा दृढ रहनुपर्छ । सार्वजनिक पद अधिकार प्रदर्शन गर्ने माध्यम होइन, जनताको सेवा गर्ने जिम्मेवारी हो भन्ने भावना व्यवहारमा देखिन आवश्यक छ ।

आज आवश्यकता भाषण र दाबीको होइन, परिणाममुखी सुधारको हो । सार्वजनिक कार्यालयलाई नागरिकमैत्री, पारदर्शी र जवाफदेही बनाउन प्रशासनिक इच्छाशक्ति, प्रविधिमैत्री सेवा प्रणाली र कडा अनुशासन अपरिहार्य छ । जनताले सम्मानजनक र सहज सेवा पाउनु उनीहरुको अधिकार हो भन्ने सोच अब व्यवहारमै स्थापित हुनुपर्छ ।

# विश्वस्तरीय डाटा सेन्टरको सम्भावना



हेमन्त बराल

नेपालले सरकारी तथा निजी क्षेत्रबीच सहकार्य गरेर राष्ट्रिय स्तरको डिजिटल पूर्वाधार रणनीति तयार गर्नुपर्ने आवश्यकता छ ।

नेपाल अहिले डिजिटल रूपान्तरणको महत्त्वपूर्ण चरणमा प्रवेश गरिरहेको छ । विश्व कृत्रिम बुद्धिमत्ता (एआई), क्लाउड कम्प्युटिङ, सोमा आधारित गणना प्रणाली, विशाल तथ्यांक प्रशोधन, डिजिटल बैंकिङ, वैज्ञानिक गणना तथा उच्च गतिको इन्टरनेट सेवातर्फ तीव्र रूपमा अघि बढिरहेको छ। यस्तो अवस्थामा कुनै पनि राष्ट्रको डिजिटल भविष्यको मूल आधार डाटा सेन्टर बन्न पुगेको छ । आधुनिक विश्वमा डाटा सेन्टर केवल कम्प्युटर राख्ने भवनमात्र होइन, बरु कुनै पनि राष्ट्रको डिजिटल अर्थतन्त्र, साइबर सुरक्षा, कृत्रिम बुद्धिमत्ता, सरकारी विद्युतीय सेवा, वित्तीय प्रणाली तथा राष्ट्रिय सूचना सुरक्षाको मेरुदण्डका रूपमा विकास भइरहेको छ ।

यही कारणले आज विश्वका विकसित राष्ट्रहरू ठूलो मात्रामा डाटा सेन्टर पूर्वाधारमा लगानी गरिरहेका छन् । डाटा सेन्टर भन्नाले अत्यन्त सुरक्षित, निरन्तर सञ्चालनयोग्य तथा उच्च विश्वसनीयता भएको त्यस्तो विशेष पूर्वाधारलाई बुझिन्छ, जहाँ कम्प्युटर सर्भर, सञ्चार प्रणाली, तथ्यांक भण्डारण प्रणाली तथा इन्टरनेट सेवा सञ्चालन गरिन्छ। विश्वका अधिकांश सामाजिक सञ्जाल, अनलाइन बैंकिङ, कृत्रिम बुद्धिमत्ता प्रणाली, भिडियो सेवा, सरकारी डिजिटल सेवा तथा क्लाउडमा आधारित गणना प्रणाली यस्तै डाटा सेन्टरमार्फत सञ्चालन भइरहेका हुन्छन् । डाटा सेन्टरमा चौबिसैघण्टा निर्बाध रूपमा विद्युत् आपूर्ति, शीतलीकरण (कुलिङ) वा चिस्यान प्रणाली, आगलागी नियन्त्रण, भौतिक सुरक्षा, उच्च गतिको इन्टरनेट तथा वैकल्पिक ऊर्जा प्रणालीको व्यवस्था गरिएको हुन्छ ।

विश्वभर डाटा सेन्टरको स्तर निर्धारण गर्न मुख्य रूपमा अपटाइम इन्स्टिच्युट तथा टीआईए- ९४२ मापदण्ड प्रयोग गरिन्छ । यी अन्तर्राष्ट्रिय मापदण्डअनुसार डाटा सेन्टरलाई टियर-१ देखि टियर-४ सम्म वर्गीकरण गरिएको हुन्छ । टियर-१ सामान्य प्रकारको आधारभूत डाटा सेन्टर हो भने टियर-२ मा केही वैकल्पिक प्रणालीहरू थप गरिएका हुन्छन् । टियर-३ मा कुनै प्रणाली मर्मत गर्दा पनि सेवा अवरुद्ध नहुने व्यवस्था गरिएको हुन्छ। तर, टियर-४ संसारकै सबैभन्दा उच्च विश्वसनीयता भएको डाटा सेन्टर संरचना मानिन्छ।

टियर-४ डाटा सेन्टरमा कुनै एउटा विद्युत् मार्ग, उपकरण वा प्रणाली अचानक बन्द भए पनि अर्को वैकल्पिक प्रणालीले तत्काल सम्पूर्ण सेवा सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको हुन्छ । यस प्रकारको डाटा सेन्टरमा दोहोरो विद्युत् आपूर्ति मार्ग, दोहोरो अविच्छिन्न विद्युत् प्रणाली, दोहोरो विद्युत् उत्पादक प्रणाली, उन्नत शीतलीकरण व्यवस्था, उच्चस्तरीय सुरक्षा तथा निरन्तर सञ्चालन सुनिश्चित गरिएको हुन्छ । अपटाइम इन्स्टिच्युटको मापदण्डअनुसार टियर-४ डाटा सेन्टरको वार्षिक सेवा अवरोध समय लगभग २६ मिनेटभन्दा कम हुनुपर्छ । यही कारणले विश्वका बैंक, कृत्रिम बुद्धिमत्ता कम्पनी, अन्तर्राष्ट्रिय प्रविधि कम्पनी तथा विश्वव्यापी सञ्चार प्रणालीहरू टियर-४ डाटा केन्द्रतर्फ आकर्षित भइरहेका छन् ।

नेपालका हिमाली तथा उच्च पहाडी भूभाग डाटा सेन्टर निर्माणका लागि अत्यन्त उपयुक्त मानिन्छन् । विश्वका धेरै डाटा सेन्टरमा कुल विद्युत् खर्चको ठूलो हिस्सा शीतलीकरण प्रणालीमा खर्च हुने गर्दछ । नेपालको प्राकृतिक चिसो वातावरणका कारण यो खर्च उल्लेखनीय रूपमा घटाउन सकिन्छ। विशेषगरी हिमाली क्षेत्रको चिसो मौसम प्रयोग गरेर बाहिरी प्राकृतिक हावाबाट नै शीतलीकरण गर्न सकिने भएकाले सञ्चालन खर्च कम गर्न सकिन्छ । यसले नेपाललाई दक्षिण एसियामा हरित तथा कम-कार्बन डाटा सेन्टर गन्तव्यका रूपमा स्थापित गर्न ठूलो सहयोग पुग्न सक्छ ।

नेपालसँग विशाल जलविद्युत् सम्भावना छ । विश्व अहिले हरित ऊर्जा तथा वातावरणमैत्री प्रविधितर्फ गइरहेको अवस्थामा नेपालले स्वच्छ जलविद्युत् प्रयोग गरेर अन्तर्राष्ट्रियस्तरको हरित डाटा सेन्टर राष्ट्र बन्न सक्ने सम्भावना अत्यन्त बलियो छ। भविष्यमा कृत्रिम बुद्धिमत्ता, वैज्ञानिक गणना, डिजिटल सेवा, क्लाउडमा आधारित प्रणाली तथा विशाल तथ्यांक प्रशोधनका लागि ठूलो विद्युत् आवश्यक पर्ने भएकाले नेपालले विद्युत् निर्यातमात्र नभई डिजिटल पूर्वाधार निर्याततर्फ पनि सोच्नुपर्ने आवश्यकता देखिएको छ । यद्यपि, नेपालको हिमाली तथा पहाडी क्षेत्रमा अझै पनि उच्च गतिको अप्टिकल फाइबर पूर्वाधार पर्याप्त रूपमा विस्तार भइसकेको छैन। टियर-४ डाटा सेन्टर सञ्चालनका लागि उच्च गतिको इन्टरनेट, न्यून विलम्बता तथा अन्तर्राष्ट्रिय वैकल्पिक सञ्चार मार्ग अत्यन्त आवश्यक हुने भएकाले नेपाल सरकारले उपग्रहमा आधारित उच्च गतिको इन्टरनेट सेवाको अनुमति दिन आवश्यक देखिन्छ । विशेषगरी स्टारलिंकजस्ता न्यून उचाइका उपग्रहमा आधारित इन्टरनेट प्रणालीलाई नियमनसहित अनुमति दिइएमा हिमाली क्षेत्रमै अन्तर्राष्ट्रिय स्तरका डाटा सेन्टर स्थापना गर्न सहज हुन सक्छ। यसले विपद् व्यवस्थापन, वैकल्पिक सञ्चार मार्ग तथा दुर्गम क्षेत्रमा डिजिटल पहुँच विस्तार गर्न समेत सहयोग पुग्नेछ ।

विश्वमा अहिले कृत्रिम बुद्धिमत्ता तथा विशाल गणनात्मक प्रणालीको माग तीव्र रूपमा बढिरहेको छ । यससँगै क्रिप्टो मुद्रा गणना प्रणाली, वैज्ञानिक गणना, ग्राफिक्स प्रशोधन तथा उच्च क्षमता भएका कम्प्युटिङ सेवाको आवश्यकता पनि बढ्दो छ। नेपालको जलविद्युत् तथा चिसो वातावरणले भविष्यमा यस्ता उद्योग आकर्षित गर्न सक्ने सम्भावना रहेको छ। तर, हाल नेपालमा विदेशी मुद्रा, डिजिटल सम्पत्ति, क्रिप्टो सम्बन्धी अस्पष्ट नीति तथा जटिल विदेशी लगानी प्रक्रिया रहेका कारण अन्तर्राष्ट्रिय लगानीकर्तालाई आकर्षित गर्न कठिन भइरहेको छ ।

नेपाल सरकारले यदि समयमै दूरदर्शी नीति ल्याउन सकेमा नेपाल दक्षिण एसियाको महत्त्वपूर्ण डिजिटल पूर्वाधार केन्द्र बन्न सक्छ । त्यसका लागि सरकारले राष्ट्रिय डाटा सेन्टर नीति, कृत्रिम बुद्धिमत्ता पूर्वाधार नीति तथा आधुनिक डिजिटल अर्थतन्त्रसम्बन्धी स्पष्ट कानुनी व्यवस्था ल्याउन आवश्यक छ। विदेशी लगानीकर्तालाई शतप्रतिशत विदेशी लगानी, सहज नाफा फिर्ता, एकद्वार सेवा प्रणाली तथा द्रुत स्वीकृति प्रक्रिया उपलब्ध गराउनु आवश्यक देखिन्छ । त्यसैगरी नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय डिजिटल भुक्तानी, विदेशी मुद्रा विनिमय, सीमापार डिजिटल सेवा कारोबार तथा नियमनयुक्त डिजिटल सम्पत्तिसम्बन्धी आधुनिक नीति निर्माण गर्नुपर्ने आवश्यकता छ ।

टियर-४ डाटा केन्द्रका लागि केवल विद्युत्मात्र पर्याप्त हुँदैन। यसका लागि अत्यन्त विश्वसनीय ऊर्जा प्रणाली आवश्यक पर्छ । विश्वमा हालसम्म परम्परागत रूपमा राष्ट्रिय विद्युत् सञ्जाल, अविच्छिन्न विद्युत् प्रणाली तथा डिजेल विद्युत् उत्पादक संयन्त्रमा आधारित संरचना प्रयोग हुँदै आएको छ। तर, विश्वव्यापी युद्ध, इन्धन संकट तथा आपूर्ति शृंखला अवरोधका कारण अब केवल डिजेलमा आधारित वैकल्पिक प्रणाली दीर्घकालीन रूपमा पर्याप्त नहुन सक्छ। त्यसैले भविष्यका डाटा केन्द्रहरू जलविद्युत्, सौर्य ऊर्जा, दीर्घकालीन ब्याट्री भण्डारण प्रणाली, सूक्ष्म विद्युत् सञ्जाल तथा बुद्धिमान ऊर्जा व्यवस्थापन प्रणालीमा आधारित हुनुपर्ने आवश्यकता देखिएको छ । नेपालले यस क्षेत्रमा समयमै लगानी गर्न सकेमा भविष्यको हरित कृत्रिम बुद्धिमत्ता पूर्वाधार केन्द्र बन्न सक्ने सम्भावना अत्यन्त बलियो छ।

## टियर-४ डाटा सेन्टरका लागि नियामक चुनौती र समाधानका उपाय

नेपालमा अन्तर्राष्ट्रिय स्तरको टियर-४ मापदण्डअनुसारको डाटा सेन्टर निर्माण गर्न विद्यमान एकाधिकार व्यवस्था तथा नियामक अवरोधहरू समाधान गर्नु अत्यन्त आवश्यक छ। यो परियोजनालाई व्यावहारिक, कानुनी रूपमा सुरक्षित तथा विदेशी लगानीकर्ताका लागि आकर्षक बनाउन निम्न तीन प्रमुख नीतिगत सुधार आवश्यक छन् : -

१. प्रत्यक्ष विद्युत् खरिद व्यवस्था (नेपाल विद्युत् प्राधिकरणको एकाधिकारभन्दा बाहिर) : वास्तविक टियर-४ स्तरको डाटा सेन्टर सञ्चालन गर्न न्यूनतम ९९.९९५ प्रतिशत सञ्चालन निरन्तरता (अपटाइम) तथा पूर्ण रूपमा दोहोरो सुरक्षित विद्युत् आपूर्ति प्रणाली आवश्यक हुन्छ। केवल नेपाल विद्युत् प्राधिकरणको विद्युत् सञ्जालमा निर्भर रहँदा यस्तो विश्वसनीयता सुनिश्चित गर्न सम्भव हुँदैन । त्यसैले सरकारले डाटा सेन्टरहरूलाई जलविद्युत् कम्पनीहरूसँग प्रत्यक्ष विद्युत् खरिद सम्झौता (द्विपक्षीय पीपीए) गर्ने अनुमति दिनुपर्छ । यस व्यवस्थामा नेपाल विद्युत् प्राधिकरणले मुख्य विद्युत् स्रोतको भूमिका खेल्नेछ भने जलविद्युत् कम्पनीले वैकल्पिक स्वतन्त्र विद्युत् स्रोतको रूपमा काम गर्नेछ।

२. डिजिटल सेवा निर्यात तथा विदेशी मुद्रा सुविधाका लागि नेपाल राष्ट्र बैंकको स्वीकृति : नेपाल राष्ट्र बैंकमार्फत 'नियामकीय परीक्षण क्षेत्र' अन्तर्गत विशेष स्वीकृति प्राप्त गर्न पहल गर्न आवश्यक छ । यो परियोजनालाई औद्योगिक व्यवसाय ऐनअन्तर्गत 'सूचना प्रविधि पूर्वाधार निर्यात'का रूपमा वर्गीकृत गरी विदेशी डिजिटल तथा माइनिङ कम्पनीहरूलाई होस्टिङ सेवा प्रदान गर्न स्पष्ट कानुनी अनुमति सुनिश्चित गर्नुपर्छ । साथै, विदेशी कम्पनीहरूलाई सहज रूपमा अमेरिकी डलर सटही तथा नाफा आफ्नो देशमा फिर्ता लैजान सक्ने सुविधा उपलब्ध गराइनुपर्छ।

३. स्टारलिंक स्याटेलाइट इन्टरनेट सञ्चालन अनुमति : दुर्गम तथा चिसो पहाडी क्षेत्रमा डाटा सेन्टर स्थापना गर्दा वैकल्पिक फाइबर अप्टिक नेटवर्क विस्तार गर्नु भौगोलिक रूपमा कठिन तथा अत्यधिक खर्चिलो हुन्छ। त्यसैले उच्च गतिको, न्यून विलम्बता (लो-लेटेन्सी) भएको तथा निरन्तर सञ्चालन सुनिश्चित गर्ने स्टारलिंक स्याटेलाइट इन्टरनेट प्रयोगका लागि सरकारी अनुमति आवश्यक छ। यसले डाटा सेन्टरलाई उच्च स्तरको नेटवर्क विश्वसनीयता तथा निरन्तर कनेक्टिभिटी प्रदान गर्नेछ।

आज विश्व कृत्रिम बुद्धिमत्ता तथा डिजिटल पूर्वाधार निर्माणको प्रतिस्पर्धामा छ। नेपालले अब केवल विद्युत् उत्पादन र निर्यातमा मात्र सीमित नभई डिजिटल पूर्वाधार, कृत्रिम बुद्धिमत्ता सेवा तथा हरित डाटा सेन्टर अर्थतन्त्र निर्माणतर्फ अघि बढ्नुपर्ने समय आएको छ। उचित नीति, स्थिर ऊर्जा, आधुनिक इन्टरनेट पूर्वाधार तथा विदेशी लगानीमैत्री वातावरण निर्माण गर्न सकेमा नेपालले आगामी दशकमा दक्षिण एसियाको महत्त्वपूर्ण डिजिटल केन्द्रका रूपमा आफूलाई स्थापित गर्न सक्नेछ । नेपालमा डाटा सेन्टर विकासको अर्को महत्त्वपूर्ण पक्ष दक्ष जनशक्ति उत्पादन पनि हो । अन्तर्राष्ट्रियस्तरको डाटा सेन्टर सञ्चालन गर्न विद्युत्, शीतलीकरण, नेटवर्क, साइबर सुरक्षा तथा प्रणाली व्यवस्थापनमा दक्ष प्राविधिक जनशक्ति आवश्यक पर्छ । त्यसैले नेपालका विश्वविद्यालय, प्राविधिक शिक्षालय तथा निजी क्षेत्रले संयुक्त रूपमा डाटा केन्द्रसम्बन्धी विशेष तालिम तथा अन्तर्राष्ट्रिय प्रमाणीकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। नेटवर्क, भर्चुअलाइजेसन, हाइपर कन्भर्ज, साइबर सुरक्षा, क्लाउड तथा डाटा सेन्टर सञ्चालनसम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्न सकेमा नेपालले हजारौं उच्च आय भएका प्राविधिक रोजगारी सिर्जना गर्न सक्नेछ। त्यसैगरी नेपालले सरकारी तथा निजी क्षेत्रबीच सहकार्य गरेर राष्ट्रियस्तरको डिजिटल पूर्वाधार रणनीति तयार गर्नुपर्ने आवश्यकता छ । सरकारी एकीकृत डाटा केन्द्र, सरकारी क्लाउड प्रणाली तथा निजी क्षेत्रका आधुनिक डाटा सेन्टरबीच सहकार्य गरेर राष्ट्रिय डिजिटल सुरक्षा मजबुत बनाउन सकिन्छ। भविष्यमा नेपालले दक्षिण एसियाको सुरक्षित, हरित तथा कम लागत भएको डिजिटल पूर्वाधार केन्द्रका रूपमा आफ्नो पहिचान निर्माण गर्न सक्छ।

नेपालमा टियर-४ डाटा सेन्टर विकास केवल प्रविधिको विषयमात्र होइन; यो ऊर्जा, अर्थतन्त्र, विदेशी मुद्रा, डिजिटल सार्वभौमिकता, कृत्रिम बुद्धिमत्ता तथा राष्ट्रिय समृद्धिसँग प्रत्यक्ष जोडिएको विषय हो । यदि नेपाल सरकारले समयमै दूरदर्शी नीति, आधुनिक कानुनी व्यवस्था तथा विदेशी लगानीमैत्री वातावरण निर्माण गर्न सकेमा आगामी दशकमा नेपालले विद्युत् निर्यात गर्ने राष्ट्रबाट डिजिटल सेवा तथा कृत्रिम बुद्धिमत्ता पूर्वाधार निर्यात गर्ने राष्ट्रका रूपमा आफूलाई स्थापित गर्न सक्नेछ।

बराल, डाटा सेन्टर तथा स्मार्ट सिटी परामर्शदाता हुन् ।



व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।
फेटा गाउँपालिका, फेटा, बारा


समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# क्वाडद्वारा इन्डो-प्यासिफिकमा नयाँ सहकार्य घोषणा

***नयाँ दिल्ली-*** अस्ट्रेलिया, भारत, जापान र संयुक्त राज्य अमेरिकाका विदेशमन्त्रीहरूले इन्डो-प्यासिफिक क्षेत्रमा समुद्री सुरक्षा, बन्दरगाह पूर्वाधार तथा ऊर्जा सुरक्षासम्बन्धी नयाँ संयुक्त पहलहरू सार्वजनिक गर्दै क्वाड सहकार्यलाई थप सुदृढ बनाउने घोषणा गरेका छन् । नयाँदिल्लीमा भारतका विदेश मन्त्री सुब्रह्मण्यम जयशङ्कर, अमेरिकी विदेशमन्त्री मार्को रुबियो, जापानका विदेशमन्त्री तोसिमित्सु मोतेगी र अस्ट्रेलियाका विदेशमन्त्री पेनी वोङबीच भएको उच्चस्तरीय वार्तापछि यी पहलहरू सार्वजनिक गरिएको हो ।



बैठकमा चारै देशले क्षेत्रीय स्थिरता, आपूर्ति शृङ्खला र रणनीतिक सहकार्यलाई प्राथमिकतामा राख्दै साझा कार्यक्रम अघि बढाउने सहमति जनाएको बताइएको छ। वार्ता सम्पन्न भएपछि अमेरिकी विदेशमन्त्री रुबियोले इन्डो-प्यासिफिक समुद्री निगरानी पहलको घोषणा गरे । यसअन्तर्गत चार देशबीच निगरानी क्षमताको एकीकरण र वास्तविक-समय सूचना आदान-प्रदानलाई सुदृढ पारिनेछ । साथै, प्रशान्त टापु राष्ट्र फिजीसँग सहकार्य गर्दै बन्दरगाह पूर्वाधार स्तरोन्नति गर्ने पहिलो संयुक्त क्षेत्रीय परियोजना पनि अघि बढाइने उनले जानकारी दिए ।

त्यसैगरी, ऊर्जा आपूर्ति प्रणालीलाई सुरक्षित र स्थिर बनाउन इन्डो-प्यासिफिक ऊर्जा सुरक्षा पहल सुरु गरिएको छ । अमेरिकी पक्षले यसै वर्ष क्वाड इन्धन सुरक्षा फोरम आयोजना गर्ने तयारीसमेत गरेको रुबियोले बताए । उनका अनुसार यो साझेदारी अमेरिकी विदेश नीतिको प्रमुख आधारमध्ये एक हो र यसलाई अझ व्यावहारिक तथा परिणाममुखी बनाउने लक्ष्य राखिएको छ । क्वाड समूह अस्ट्रेलिया, भारत, जापान र संयुक्त राज्य अमेरिकाबीचको रणनीतिक सहकार्य संरचना हो ।

यसले समुद्री सुरक्षा, आपूर्ति शृङ्खला र क्षेत्रीय रणनीतिक सन्तुलनमा सहकार्य गर्दै आएको छ । चीनले इन्डो-प्यासिफिक क्षेत्रमा आफ्नो सैन्य तथा आर्थिक प्रभाव विस्तार गरिरहेकै सन्दर्भमा यो समूहको सक्रियता बढ्दै गएको देखिन्छ । समूहले बारम्बार दक्षिण चीन सागरमा चीनको सैन्य गतिविधि र क्षेत्रीय दाबीलाई लिएर चिन्ता व्यक्त गर्दै आएको छ ।

चीनले भने आफ्ना गतिविधिलाई रक्षात्मक र सार्वभौमिक अधिकारको संरक्षणका रूपमा व्याख्या गर्दै क्वाडलाई आफ्नो आर्थिक तथा रणनीतिक प्रभाव नियन्त्रण गर्ने प्रयासका रूपमा चित्रण गर्ने गरेको छ । यो बैठक अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन भ्रमणपछि केही दिनमै भएको हो र अन्तर्राष्ट्रिय समुदायले यसलाई वासिङ्टनको चीन नीतिमा सम्भावित परिवर्तनको सङ्केतका रूपमा नजिकबाट नियालिरहेको छ ।

वार्ताअघि रुबियोले क्वाडलाई केवल संवादको मञ्च नभई ठोस कार्यान्वयन गर्ने संरचनामा रूपान्तरण गर्नुपर्ने आवश्यकता औंल्याएका थिए । उनका अनुसार महत्त्वपूर्ण खनिज, समुद्री सुरक्षा र रणनीतिक आपूर्ति शृङ्खलाजस्ता क्षेत्रमा थप व्यावहारिक कदम आवश्यक छन् । उनले यसै वर्ष चार नेताहरूको शिखर सम्मेलनका लागि तयारी भइरहेको भए पनि मिति भने तय नभएको जानकारी दिए । यसअघि गत वर्ष भारतमा हुने भनिएको क्वाड शिखर सम्मेलन व्यापार शुल्कलगायत अमेरिका-भारत सम्बन्धमा देखिएको तनावका कारण स्थगित भएको थियो । भारतका विदेशमन्त्री जयशङ्करले यस बैठकलाई 'उच्च मूल्यको अभ्यास' भन्दै क्षेत्रीय समुद्री व्यापार, ऊर्जा, मल आपूर्ति र महत्त्वपूर्ण खनिज विषयमा गहिरो छलफल भएको बताए । उनका अनुसार इन्डो-प्यासिफिकमा आर्थिक गतिविधि तीव्र रूपमा बढ्दै जाँदा क्वाडको जिम्मेवारी पनि सोही अनुपातमा विस्तार भइरहेको छ, जसका लागि चारै देश तयारी अवस्थामा रहनुपर्ने आवश्यकता छ ।

बैठकमा इरानसँग सम्बन्धित द्वन्द्व र हर्मुज जलघाँटी हुँदै हुने ऊर्जा आपूर्तिमा देखिएको अवरोधबारे पनि छलफल भएको बताइएको छ । अस्ट्रेलियाका विदेशमन्त्री पेनी वोङले इन्डो-प्यासिफिक क्षेत्रमा बढ्दो आर्थिक तथा रणनीतिक दबावप्रति चिन्ता व्यक्त गर्दै कुनै पनि अवरोध वा शुल्क प्रणालीले क्षेत्रीय ऊर्जा सुरक्षामा गम्भीर असर पार्न सक्ने चेतावनी दिइन् । उनले जलमार्गको स्वतन्त्रता कायम राख्नुपर्ने आवश्यकता दोहोऱ्याउँदै इरानद्वारा सम्भावित शुल्क वा नियन्त्रण योजनाप्रति असहमति जनाइन् । उनले क्वाडलाई स्वतन्त्र, खुला र नियम-आधारित इन्डो-प्यासिफिक निर्माण गर्ने साझा प्रतिबद्धता भएको संरचना भन्दै चार राष्ट्रबीच बढ्दो रणनीतिक समन्वयले क्षेत्रीय स्थायित्वमा योगदान दिने विश्वास व्यक्त गरे ।

## जनतालाई प्रत्यक्ष फाइदा हुने विकास निर्माणका कार्यलाई अगाडि बढाएको छु : उपप्रमुख प्रणिया देवी पटेल

***रौतहट, १२ जेठ***

रौतहटको देवाही गोनाही नगरपालिकाकी उपप्रमुख प्रणिया देवी पटेलले जनतालाई प्रत्यक्ष फाइदा पुग्ने विकास निर्माणका कामलाई तीव्र गतिमा अगाडि बढाएको बताएकी छन् । शिक्षा, स्वास्थ्य, कृषि तथा भौतिक पूर्वाधारलाई प्राथमिकतामा राखेर नगरको विकासमा आफू निरन्तर सक्रिय रहेको उनले बताइन् ।

रौतहटका अन्य स्थानीय तहको तुलनामा विकास निर्माणका कामलाई प्राथमिकतामा राख्दै नगरपालिकाभित्र विभिन्न जनमुखी योजना सञ्चालन गरिएको उपप्रमुख पटेलको भनाइ छ । उनले नगरपालिकाका विभिन्न वडामा विद्यालय भवन, स्वास्थ्य चौकी, सडक, नाला, सामुदायिक भवन, विवाह मण्डप तथा बर्थिङ सेन्टर निर्माणका काम भइरहेको जानकारी दिइन् ।

देवाही गोनाही नगरपालिका-८ गोनाही बजारमा संग्रहालय भवन निर्माण गरिएको उनले बताइन् । त्यस्तै देवाही इमालिया टोलमा शौचालयसहितको दुई तल्ले विद्यालय भवन निर्माण गरिएको जानकारी दिँदै उनले भवन अभावका कारण वर्षौंदेखि विद्यार्थीलाई पठनपाठनमा समस्या हुँदै आएको बताइन् ।

नगरपालिकाकै लागतमा यसअघि पर्याप्त कक्षाकोठासहित दुई वटा नयाँ दुईतल्ले विद्यालय भवन निर्माण भइसकेको उनको भनाइ छ । नयाँ भवन निर्माण भएपछि विद्यार्थीलाई अध्ययन गर्न सहज भएको उनले बताइन् ।

उपप्रमुख पटेलका अनुसार आफ्नै कार्यकालमा गोनाही बजारमा नगरपालिका कार्यालयको प्रशासकीय भवन निर्माण कार्यसमेत सम्पन्न भएको छ । साथै पटेल चौकदेखि थारु टोल हुँदै पासवान टोलसम्म सडक तथा नाला निर्माण गरिएको छ । यसअघि पानी जम्ने, आवागमनमा समस्या हुने तथा घर डुबानमा पर्ने समस्या रहेको उक्त क्षेत्रमा नगरस्तरीय बजेटबाट सयौं मिटर सडक ढलान तथा नाला निर्माण गरिएको उनले जानकारी दिइन् । गरिब परिवारका छोराछोरीको विवाहमा सहजता ल्याउने उद्देश्यले गोनाही बजारमा लाखौं रुपैयाँको लागतमा विवाह मण्डप भवन निर्माण गरिएको पनि उनले बताइन् ।

कृषकलाई खेतीपातीमा सहज बनाउन खेत-खेतमा विद्युत् तथा सिँचाइ सुविधा विस्तारका लागि पहल भइरहेको उनको भनाइ छ । पालिकाका हरेक वडामा आधारभूत पूर्वाधार विकासलाई प्राथमिकताका साथ अगाडि बढाइएको उनले दाबी गरिन् ।

दोस्रो पटक उपप्रमुखमा निर्वाचित भएपछि आफूले चुनावी प्रतिबद्धता अनुसार जनमुखी कामलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै उनले नगरवासीको विश्वास कायम राख्ने गरी काम गरिरहेको बताइन् । "जनताले दिएको अमूल्य मतको मूल्य चुकाउन म इमान्दारीपूर्वक लागिपरेकी छु," उपप्रमुख पटेलले भनिन्, "जनताको विश्वासमा आँच आउन नदिने गरी काम गरिरहेकी छु ।"

उनले आगामी २०८४ सालसम्म देवाही गोनाही नगरपालिकालाई समृद्ध, विकसित तथा नमुना नगरपालिका बनाउने प्रतिबद्धता व्यक्त गर्दै विकास निर्माणका काममा सबै राजनीतिक दल तथा स्थानीयवासीको साथ र सहयोग आवश्यक रहेको बताइन् ।

## नारायणी अस्पतालमा निःशुल्क नसर्ने रोग स्क्रिनिङ एक महिने कार्यक्रम सञ्चालन



***दिपक चौरसिया***
***वीरगंज, १२ जेठ***

वीरगंज स्थित नारायणी अस्पतालले ३० वर्ष वा सोभन्दा माथिका नागरिकलाई लक्षित गर्दै निःशुल्क नसर्ने रोग (एनसीडी) स्क्रिनिङ कार्यक्रम सञ्चालन गरेको छ ।

स्वास्थ्यप्रति जनचेतना अभिवृद्धि गर्दै समयमै रोग पहिचान तथा उपचारको पहुँच विस्तार गर्ने उद्देश्यले अस्पतालले उक्त कार्यक्रम सुरु गरेको जनाएको छ । कार्यक्रम २०८३ जेठ १२ गतेदेखि असार १२ गतेसम्म सञ्चालन हुने अस्पतालले जानकारी दिएको छ ।

अस्पतालका अनुसार कार्यक्रम अन्तर्गत मधुमेह (सुगर) परीक्षण, उच्च रक्तचाप परीक्षण, मृगौला सम्बन्धी रोगको स्क्रिनिङ, बडी मास इन्डेक्स (द्यःक्ष) मापन तथा विशेषज्ञ स्वास्थ्य परामर्श सेवा निःशुल्क रूपमा उपलब्ध गराइनेछ ।

पछिल्लो समय नसर्ने रोगहरू गम्भीर स्वास्थ्य चुनौतीका रूपमा बढ्दै गइरहेको अवस्थामा समयमै परीक्षण र उपचारबाट जटिलता रोक्न सकिने भएकाले सबै लक्षित नागरिकलाई कार्यक्रममा सहभागी हुन अस्पतालले आग्रह गरेको छ ।

"समयमै परीक्षण गरौं, नसर्ने रोगबाट बचौँ" भन्ने सन्देशसहित अस्पतालले सर्वसाधारणलाई नियमित स्वास्थ्य परीक्षण गराउन अनुरोध गरेको छ । कार्यक्रम अवधिभर नारायणी अस्पतालमा पुगेर निःशुल्क सेवा लिन सकिने जनाइएको छ ।

सोमबारबाट सुरु भएको निःशुल्क परीक्षण कार्यक्रममा अस्पतालमा उपचारका लागि आएका बिरामी, उनीहरूका कुरुवा, अस्पतालका नर्स, चिकित्सक तथा कर्मचारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा नारायणी अस्पतालका नर्सिङ विभाग प्रमुख श्रुति शाह, प्रशासन प्रमुख सुशील यादव, सुनिल रौनियार, स्टोर प्रमुख कमले सहनी, हरी किशोर गिरी लगायतको सहभागिता रहेको जनाइएको छ ।

## शिक्षा............

गाउँपालिकाले विद्यालयको भौतिक पूर्वाधार सुधार, विद्यार्थीलाई सहज वातावरणमा अध्ययनको व्यवस्था तथा गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि योजनाबद्ध रूपमा काम गरिरहेको अध्यक्ष जयसवालको भनाइ छ।

यसैबीच बिसुनपूर्वास्थित विद्यालयलाई भविष्यमा १२ कोठे भवनमा विस्तार गर्नुपर्ने आवश्यकता रहेको भन्दै वडा प्रत्याशी हरिनारायण साहले गाउँपालिका अध्यक्ष जयसवालसमक्ष माग गरेका छन् ।

उनले विद्यार्थी संख्या बढ्दै गएको अवस्थामा थप कक्षाकोठा आवश्यक रहेको बताए ।

स्थानीयवासी तथा अभिभावकहरूले गाउँपालिकाले शिक्षा क्षेत्रमा देखाएको सक्रियताप्रति सकारात्मक प्रतिक्रिया दिएका छन् । उनीहरूले विद्यालय भवन निर्माणसँगै गुणस्तरीय शिक्षामा समेत ध्यान दिनुपर्ने सुझाव दिएका छन् ।

## गौरमा...............

अस्पतालको प्राविधिक सहयोग एवं संयुक्त आयोजनामा सञ्चालन भइरहेको छ ।

कार्यक्रमका संयोजक सत्येन्द्र पाण्डेयका अनुसार जिल्लाभरिका बालबालिकाहरूलाई अन्धोपनको जोखिमबाट जोगाउन यो अभियानले महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

मंगलबारको परीक्षण कार्यक्रममा अस्पतालका प्राविधिक टोली सदस्यहरू दिनेश घिमिरे, सत्येन्द्र पाण्डेय, जितेन्द्र यादव, गौरीशंकर राउत लगायतको सहभागिता थियो भने विद्यालयका शिक्षक-शिक्षिकाहरूले व्यवस्थापनमा सक्रिय सहयोग पुऱ्याएका थिए । दृष्टिदोष देखिएका अन्य विद्यार्थीहरूलाई आगामी शनिबार आयोजना हुने बृहत् शिविरमा चश्मा वितरण गरिने अस्पतालले जनाए ।

आगामी जेठ २३ गते शनिबार श्री जुद्ध माविमा निःशुल्क शल्यक्रिया सहितको बृहत् आँखा शिविर सञ्चालन हुने गौर नगरपालिकाले जनाए ।

## गणक.........

समेटिएका छन् । यसअन्तर्गत कृषि, वन तथा माछापालन, खानी तथा उत्खनन, औद्योगिक उत्पादन, विद्युत तथा ग्यास सेवा, पानी आपूर्ति, फोहोर व्यवस्थापन, निर्माण, थोक तथा खुद्रा व्यापार, यातायात, होटल तथा भोजन सेवा, सूचना प्रविधि, वित्तीय तथा बीमा सेवा, शिक्षा, स्वास्थ्य, सामाजिक सेवा, मनोरञ्जन तथा अन्य सेवा क्षेत्रका प्रतिष्ठानहरूको विवरण संकलन भइरहेको छ ।

गणना कार्यका क्रममा गणक तथा सुपरिवेक्षकहरूले विभिन्न चुनौती सामना गरिरहेको बताएका छन् । कतिपय व्यवसायी कार्यालय वा पसलमा अनुपस्थित हुनु, केहीले तथ्याङ्क दिन हिच्किचाउनु, फोन सम्पर्क नहुनु तथा व्यस्त बजार क्षेत्रमा समय व्यवस्थापन कठिन हुनु मुख्य चुनौतीका रूपमा देखिएको छ । यद्यपि अधिकांश व्यवसायी तथा स्थानीय नागरिकले सकारात्मक सहयोग गरिरहेको कार्यालयको भनाइ छ ।

आर्थिक गणनालाई अधिकांश व्यवसायीले सकारात्मक रूपमा लिएको अधिकारी दासले बताए । कलैया उपमहानगरपालिकाका एक व्यवसायीले "पहिलो पटक यति व्यवस्थित ढंगले व्यवसायको विवरण संकलन भइरहेको अनुभव भयो । सरकारले सही तथ्याङ्कका आधारमा योजना बनाओस् भन्ने अपेक्षा छ," भन्दै प्रतिक्रिया दिएका छन् ।

त्यस्तै जितपुरसिमरा उपमहानगरपालिकाका एक उद्योगीले "औद्योगिक क्षेत्रको वास्तविक अवस्था सरकारसमक्ष पुग्नुपर्छ । यसले भविष्यमा लगानी र रोजगारी बढाउन मद्दत पुऱ्याउन सक्छ," बताएका छन् । सुपरिवेक्षकहरूले गणकहरूको कामको नियमित अनुगमन, तथ्याङ्कको गुणस्तर परीक्षण तथा दैनिक प्रगति मूल्यांकन गरिरहेका छन् । कतिपय अवस्थामा उनीहरू गणकसँगै स्थलगत निरीक्षणमा सहभागी भई विवरण प्रमाणीकरणसमेत गरिरहेका छन् । जिल्ला स्तरमा डाटा अपलोड, प्राविधिक सहजीकरण तथा दैनिक समीक्षा कार्य नियमित भइरहेको कार्यालयले जनाएको छ ।

केही क्षेत्रमा इन्टरनेट तथा नेटवर्क समस्याका कारण डाटा अपलोडमा ढिलाइ भएको कार्यालयले जनाएको छ । विशेषगरी कमजोर नेटवर्क भएका क्षेत्रमा गणकहरूले संकलित विवरण अपलोड गर्न समय लागेको भए पनि सुपरिवेक्षकहरूसँगको समन्वयमा समस्या समाधान गर्दै कार्यलाई तीव्र बनाइएको अधिकारी दासले जानकारी दिए ।

राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाडौंले देशभर स्थापना भएका ८४ वटा जिल्ला आर्थिक गणना कार्यालयमार्फत गणना कार्यलाई प्रभावकारी रूपमा समन्वय गरिरहेको छ । कार्यालयले गणक तथा सुपरिवेक्षकलाई आवश्यक प्राविधिक सहयोग, निर्देशन तथा सहजीकरण प्रदान गर्नुका साथै जिल्लागत प्रगतिको नियमित अनुगमनसमेत गरिरहेको जनाएको छ ।

बारा जिल्ला नेपालको प्रमुख औद्योगिक तथा व्यापारिक केन्द्रमध्ये एक मानिन्छ । पथलैया औद्योगिक क्षेत्र, सिमरा करिडोर, सीमावर्ती व्यापारिक गतिविधि तथा सक्रिय व्यापारिक बजारका कारण जिल्लाको आर्थिक गतिविधि अत्यन्त महत्वपूर्ण रहेको अधिकारी दासले बताए । ठूला उद्योगदेखि साना घरेलु व्यवसायसम्मको उल्लेखनीय उपस्थिति रहेकाले बाराबाट प्राप्त हुने तथ्याङ्क राष्ट्रिय अर्थतन्त्रका लागि समेत उपयोगी हुने विश्वास गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, उद्योग वाणिज्य संघ तथा जिल्लाका १६ वटै स्थानीय तहले गणना कार्यमा आवश्यक सहयोग गरिरहेको जनाइएको छ । सबै स्थानीय तह तथा निकायहरूले सामाजिक सञ्जालमार्फत "राष्ट्रिय आर्थिक गणना-२०८२ मा सहभागी बनौं" भन्दै नागरिकलाई सही विवरण उपलब्ध गराउन अनुरोधसमेत गरेका छन् । अधिकारी दासले राष्ट्रिय आर्थिक गणना कुनै व्यक्ति विशेषको नभई सम्पूर्ण देशको आर्थिक भविष्यसँग जोडिएको अभियान भएको बताए । सही तथ्याङ्कै आधारमा सरकारको योजना, लगानी, उद्योग, रोजगारी तथा पूर्वाधार विकास सम्भव हुने भएकाले गणकहरू घरदैलो वा व्यवसाय स्थलमा पुगेका बेला यथार्थ विवरण उपलब्ध गराउन उनले सबै नागरिकसँग आग्रह गरे ।

कार्यालयका अनुसार बाँकी १९ प्रतिशत विवरण संकलन कार्य पनि तीव्र गतिमा अगाडि बढिरहेको छ । सबै अवस्था अनुकूल रहेमा तोकिएको समयसीमाभित्र अर्थात् २०८३ असार ७ गतेसम्म सम्पूर्ण स्थलगत तथ्याङ्क संकलन सम्पन्न हुने अपेक्षा गरिएको छ ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् । सम्पर्क नम्बर : ९८४५२२६३०५**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौं । - बहुदरमाई नगरपालिका पर्सा**

# गौरमा ३२ सय विद्यार्थीको आँखा परीक्षणः १४७८ को जाँच हुँदा १६८ मा दृष्टिदोष, २ बालिकामा मोतिबिन्दु

***शु. आ. सम्बाददाता***
***रौतहट, १२ जेठ***

नेपाल नेत्र ज्योति संघ गौर आँखा अस्पतालद्वारा सञ्चालित आँखा जाँचदेखि जनचेतनासम्मको महाअभियान अन्तर्गत मंगलबार रौतहटको सदरमुकाम गौरस्थित ऐतिहासिक श्री जुद्ध माध्यमिक विद्यालयमा बृहत् आँखा परीक्षण कार्यक्रम सम्पन्न भएको छ।



विद्यालयका झण्डै ३ हजार २०० विद्यार्थीहरूलाई लक्षित गरी आयोजना गरिएको उक्त शिविरमा पहिलो चरणमा १ हजार ४७८ जना विद्यार्थीहरूको विस्तृत आँखा परीक्षण गरिएको छ। परीक्षणका क्रममा बालबालिकाहरूको आँखाको स्वास्थ्य अवस्था निकै संवेदनशील देखिएको अस्पताल प्रशासनले जनाए।

अस्पतालका अनुसार जाँच गरिएका कुल विद्यार्थीमध्ये १६८ जनामा दृष्टिदोष फेला परेको छ। ती विद्यार्थीहरूलाई तत्काल चश्मा लगाउनुपर्ने सुझाव दिइएको छ। यस्तै परीक्षणकै क्रममा २ जना बालिकामा जटिल मानिने मोतिबिन्दु (ऋबतब(चबअत) समेत पहिचान भएको छ। मोतिबिन्दु फेला परेका ती बालिकाहरूलाई थप जटिलता नआओस् भन्नका लागि तत्काल गौर आँखा अस्पतालमा भर्ना गरी उपचार प्रक्रिया अगाडि बढाइएको छ।

नगर प्रमुखको उपस्थिति र विशेष अपिल

कार्यक्रममा गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहको विशेष उपस्थिति रहेको थियो। सो अवसरमा नगर प्रमुख साहले दृष्टिदोष पहिचान भएका २५ जना विद्यार्थीहरूलाई निःशुल्क चश्मा वितरण गरेका हुन्।

कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख साहले स्वास्थ्य र शिक्षा नगरपालिकाको उच्च प्राथमिकतामा रहेको बताए। उनले आगामी २०८३ जेठ २३ गते शनिबार श्री जुद्ध माध्यमिक विद्यालयकै प्राङ्गणमा बृहत् रूपमा आँखा जाँच, उपचार, चश्मा वितरण, शल्यक्रिया तथा जनचेतनामूलक महाअभियान सञ्चालन हुन लागेको जानकारी दिए। उक्त वृहत् शिविरबाट अधिकतम लाभ उठाउन उनले सम्पूर्ण गौरवासी नगरवासीहरूमा विशेष अपिल समेत गरे।

उक्त महाअभियान म्ब्ँयगलमबतष्यल को आर्थिक सहयोग, गौर नगरपालिकाको विशेष पहल तथा नेपाल नेत्र ज्योति संघ, गौर आँखा

बाँकी तेश्रो पृष्ठमा

# बारामा झण्डै ८१ प्रतिशत आर्थिक गणना सम्पन्न "गणक आर्थिक एकाइमै पुगेपछि व्यवसायी उत्साहित"

***शु.आ. सम्बाददाता***
***कलैया, १२ जेठ***

राष्ट्रिय आर्थिक गणना-२०८२ अन्तर्गत बारा जिल्लामा हालसम्म करिब ८१ प्रतिशत स्थलगत तथ्याङ्क संकलन सम्पन्न भएको छ। जिल्ला आर्थिक गणना कार्यालय, बाराका जिल्ला आर्थिक गणना अधिकारी श्री राजेश दासका अनुसार जिल्लाभर खटिएका गणक तथा सुपरिवेक्षकहरूको सक्रियताका कारण अपेक्षाभन्दा छिटो प्रगति हासिल भएको हो।



नेपाल सरकारको राष्ट्रिय तथ्याङ्क कार्यालयले "अर्थतन्त्र मापनका लागि आर्थिक गणना" भन्ने मूल नारासहित सञ्चालन गरिरहेको दोस्रो राष्ट्रिय आर्थिक गणना-२०८२ अन्तर्गत देशभर २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म स्थलगत तथ्याङ्क संकलन कार्य जारी रहेको छ।

यसै सन्दर्भमा जिल्ला आर्थिक गणना अधिकारी राजेश दाससँग गरिएको विशेष कुराकानीका आधारमा आर्थिक गणनाको वर्तमान अवस्था, उद्देश्य, चुनौती तथा बाराको आर्थिक महत्वबारे विस्तृत जानकारी सार्वजनिक गरिएको हो।

जिल्ला आर्थिक गणना अधिकारी दासका अनुसार आर्थिक गणना देशको आर्थिक अवस्थालाई वैज्ञानिक तथा यथार्थपरक ढंगले बुझ्ने महत्वपूर्ण आधार हो। उद्योग, व्यापार, सेवा तथा विभिन्न आर्थिक गतिविधिसम्बन्धी आधारभूत तथ्याङ्क संकलन गरी सरकारलाई उद्योग तथा व्यवसायमैत्री नीति निर्माणमा सहयोग पुर्‍याउनु यसको मुख्य उद्देश्य रहेको उनले बताए। उनका अनुसार राष्ट्रिय तथा स्थानीय स्तरमा आर्थिक सम्भाव्यता पहिचान, रोजगारीको अवस्था विश्लेषण, लगानी प्रवर्द्धन तथा देशको कुल गार्हस्थ उत्पादनमा विभिन्न क्षेत्रको योगदान मापन गर्नसमेत आर्थिक गणना उपयोगी हुने अपेक्षा गरिएको छ।

आर्थिक गणनाका क्रममा संकलन गरिने सम्पूर्ण विवरण सुरक्षित तथा गोप्य रहने अधिकारी दासले स्पष्ट पारे। तथ्याङ्क ऐन-२०७९ अनुसार व्यवसायी तथा प्रतिष्ठानबाट प्राप्त विवरण केवल तथ्याङ्कीय प्रयोजनका लागि सामूहिक रूपमा प्रयोग गरिने र व्यक्तिगत विवरण सार्वजनिक नगरिने भएकाले ढुक्क भएर सही तथ्याङ्क उपलब्ध गराउन उनले आग्रह गरे।

कार्यालयका अनुसार हालसम्म बारामा करिब ८१ प्रतिशत स्थलगत विवरण संकलन सम्पन्न भइसकेको छ। कलैया उपमहानगरपालिका, जितपुरसिमरा उपमहानगरपालिका, निजगढ नगरपालिका तथा महागढीमाई नगरपालिका लगायत क्षेत्रमा उल्लेखनीय प्रगति भएको बताइएको छ। व्यस्त औद्योगिक तथा व्यापारिक क्षेत्रमा भने अझै तथ्याङ्क संकलन कार्य जारी रहेको जनाइएको छ।

आर्थिक गणनामा जिल्लाभित्र सञ्चालनमा रहेका औपचारिक तथा अनौपचारिक आर्थिक गतिविधिहरू

बाँकी तेश्रो पृष्ठमा

# सूर्य मन्दिरमा शिवलिङ्ग फेला, श्रद्धालुको भीड

***हरिकिशोर शर्मा***
***पर्सा, १२ जेठ***

भारतको बिहार राज्यस्थित सीमावर्ती रक्सौल शहरको ऐतिहासिक सूर्य मन्दिर परिसरमा रहेको पोखरी सफाइ गर्ने क्रममा प्राचीन शिवलिङ्ग फेला परेको छ। शिवलिङ्ग भेटिएपछि मन्दिर परिसर "हर हर महादेव" को जयघोषले गुन्जिएको थियो।



मन्दिर समितिका सदस्य तथा श्रद्धालुहरूले शिवलिङ्गलाई श्रद्धापूर्वक मन्दिर परिसरमा ल्याई विधिपूर्वक पूजा-अर्चना सुरु गरेका छन्। दर्शनका लागि बिहानदेखि नै श्रद्धालुहरूको ठूलो भीड लागेको छ।

यसअघि यही पोखरीबाट करिब ११ किलो तौलको दुर्लभ कछुवा फेला परेको थियो। श्रद्धालुहरूले त्यसलाई भगवान विष्णुको कूर्म अवतारसँग जोडेर हेरेका थिए। एक साताभित्रै शिवलिङ्ग फेला परेपछि धार्मिक आस्था झन् बढेको स्थानीयहरूको भनाइ छ। मन्दिरका मुख्य पुजारी पण्डित आमोद मिश्रले शिवलिङ्ग फेला पर्नु मन्दिरको धार्मिक महत्व र दिव्यताको प्रतीक भएको बताए। मन्दिर समितिका अनुसार परिसरमा श्रद्धालुहरूको चहलपहल बढेको छ।

# कालिकामाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा

***राजन कुमार बानियाँ***
***पर्सा, १२ जेठ***

पर्साको कालिकामाई गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता दिगोपना पालिका घोषणा गरिएको छ। गाउँपालिकाभित्र रहेका ० देखि १५ महिनासम्मका ४६० जना बालबालिकालाई नियमित खोप लगाएपछि मंगलबार आयोजित एक कार्यक्रमबीच गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता दिगोपना घोषणा गरिएको हो।




"स्थानीय स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चितता हाम्रो प्रतिबद्धता" भन्ने नारासहित गाउँपालिका कार्यालय हरिहरपुर बिर्तास्थित सभाहलमा आयोजित कार्यक्रममा गाउँपालिका उपाध्यक्ष राजमती देवी बरैनीले उद्घाटन गरेकी थिइन्।

कार्यक्रममा बोल्दै उपाध्यक्ष बरैनीले पूर्ण खोप सुनिश्चितता दिगोपना घोषणा कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मीहरूको योगदान महत्वपूर्ण रहेको बताइन्। उनले स्वास्थ्यकर्मी तथा स्वयंसेविकाहरू दिनरात खटेर बालबालिकाको स्वास्थ्य सुरक्षामा लागिरहेको उल्लेख गर्दै उनीहरूको योगदानको उचित सम्मान हुनुपर्ने धारणा व्यक्त गरिन्।

कार्यक्रमकी विशिष्ट अतिथि जनस्वास्थ्य अधिकृत खुशबु यादवले पूर्ण खोप सुनिश्चितता घोषणा भएसँगै स्वास्थ्यकर्मी र जनप्रतिनिधिहरूको जिम्मेवारी अझ बढेको बताइन्। उनले बालबालिकालाई समयमै १३ प्रकारका नियमित खोप लगाउन सके विभिन्न रोगबाट बचाउन सकिने भन्दै प्रत्येक नवजात शिशुलाई नियमित निगरानीमा राखी खोप सुनिश्चित गर्नुपर्नेमा जोड दिइन्।

वडा अध्यक्ष सोनालाल चौरसियाले खोपको अभावमा पाँच वर्षमुनिका बालबालिकामा विभिन्न रोग लाग्ने जोखिम रहने भएकाले चिकित्सकको सल्लाहअनुसार जन्मेदेखि नै नियमित खोप लगाउन अभिभावकलाई आग्रह गरे।

कार्यक्रममा गाउँपालिकाभरिका स्वास्थ्य संस्थामध्ये मुडली स्वास्थ्य चौकीलाई उत्कृष्ट स्वास्थ्य संस्था घोषणा गर्दै प्रमाणपत्र प्रदान गरिएको थियो। त्यस्तै उत्कृष्ट कर्मचारीका रूपमा सिअहेब रविता कुमारी चौधरीलाई सम्मान गरिएको थियो। पूर्ण खोप सुनिश्चितता दिगोपना अभियान सफल बनाउन योगदान पुर्‍याउने स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा सरोकारवालाहरूलाई दोसल्ला ओढाएर तथा प्रमाणपत्र प्रदान गरी सम्मान गरिएको थियो। कार्यक्रममा मध्यान्ह राष्ट्रिय दैनिकका पत्रकार लालबाबु बानियाँलाई पनि सम्मान गरिएको जनाइएको छ।

कार्यक्रममा गाउँपालिका स्वास्थ्य प्रमुख धिरज कुमार साह, वडा अध्यक्षहरू संजय साह गोढ, सोनालाल चौरसिया, संजय पटेल, कार्यपालिका सदस्य, गाउँपालिका कर्मचारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा पत्रकारहरूको सहभागिता रहेको थियो।कार्यक्रमको सञ्चालन गाउँपालिका स्वास्थ्य सह-संयोजक निरञ्जन चौरसियाले गरेका थिए।

# बारामा अवैध घरेलु मदिराविरुद्ध प्रहरीको अभियान, एक हजार लिटर कच्चा पदार्थ नष्ट

***बारा, १२ जेठ***

बारा प्रहरीले अवैध घरेलु मदिरा उत्पादन तथा बिक्री-वितरण नियन्त्रण गर्ने अभियानलाई तीव्र बनाउँदै ठूलो परिमाणमा मदिरा बनाउन प्रयोग गरिने कच्चा पदार्थ नष्ट गरेको छ। जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरी टोलीले जिल्लाका विभिन्न गाउँ तथा बस्तीमा सञ्चालन गरेको विशेष अनुगमनका क्रममा घरेलु मदिरा उत्पादनका लागि तयारी अवस्थामा राखिएको करिब एक हजार लिटर कच्चा पदार्थ फेला पारेको थियो। प्रहरीले उक्त कच्चा पदार्थ नियन्त्रणमा लिएर स्थानीयवासीको उपस्थितिमा नष्ट गरेको जनाएको छ। प्रहरीका अनुसार लामो समयदेखि केही स्थानमा लुकिछिपी घरेलु मदिरा उत्पादन हुँदै आएको सूचनाका आधारमा छापा मारिएको थियो। सो क्रममा मदिरा बनाउन प्रयोग गरिने कुहिएको अन्न, मर्चा तथा विभिन्न उपकरणसमेत बरामद गरिएको बताइएको छ। अवैध मदिरा उत्पादनका कारण समाजमा झै-झगडा, घरेलु हिंसा, स्वास्थ्य समस्या तथा शान्ति सुरक्षामा असर पर्ने भएकाले यस्ता गतिविधिविरुद्ध कडाइ गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।



प्रहरीले आगामी दिनमा पनि अवैध मदिरा उत्पादन तथा बिक्री-वितरणविरुद्ध अभियान निरन्तर सञ्चालन गरिने स्पष्ट पार्दै कानुन विपरीतका गतिविधिमा संलग्न नहुन तथा यस्ता गतिविधिबारे जानकारी भए नजिकको प्रहरी कार्यालयमा खबर गर्न सर्वसाधारणसँग आग्रह गरेको छ।

# सांसद साक्यद्वारा सुपौली प्रशासन कार्यालय अनुगमन

***हरिकिशोर शर्मा***
***पर्सा, १२ जेठ***

इलाका प्रशासन कार्यालय सुपौलीमा सेवा लिन आउने सेवाग्राहीले लामो समयदेखि ढिलासुस्ती, झन्झट तथा कर्मचारीको गैरजिम्मेवार व्यवहार भोग्नुपरेको गुनासो बढेपछि पर्सा क्षेत्र नम्बर ४ का प्रतिनिधिसभा सदस्य टेकबहादुर साक्यले सोमबार कार्यालय पुगेर अनुगमन गरेका छन्।

स्थानीय सेवाग्राहीहरूले नागरिकता, सिफारिस, राहदानीसम्बन्धी कागजात तथा अन्य प्रशासनिक सेवा लिन जाँदा अनावश्यक झन्झट, पटक-पटक धाउनुपर्ने अवस्था र ढिलो सेवा प्रवाह भइरहेको गुनासो गरेपछि सांसद साक्यले प्रत्यक्ष रूपमा कार्यालयको अवस्था बुझ्न अनुगमन गरेका हुन्।

अनुगमनका क्रममा सांसद साक्यले कार्यालयमा कार्यरत प्रशासकीय अधिकृत विनय कुमार गुप्तासहित कर्मचारीहरूसँग सेवा प्रवाहको अवस्था, सेवाग्राहीले भोगिरहेका समस्या, दैनिक कामकाजको प्रक्रिया तथा कर्मचारी व्यवस्थापनबारे जानकारी लिएका थिए।

उनले सेवाग्राहीलाई सहज, छिटो तथा पारदर्शी सेवा उपलब्ध गराउन कर्मचारीलाई निर्देशन दिँदै सरकारी कार्यालय जनताको सेवाका लागि भएकाले जिम्मेवार र उत्तरदायी भएर काम गर्न आग्रह गरेका थिए। सेवाग्राहीलाई अनावश्यक दुःख दिने कार्य तत्काल सुधार गर्नुपर्नेमा उनले जोड दिएका थिए।

अनुगमनका क्रममा कार्यालय पुगेका केही सेवाग्राहीले आफूहरूले लामो समयदेखि भोग्दै आएको समस्या प्रत्यक्ष रूपमा सांसदसमक्ष राख्न पाएको बताएका छन्। जनप्रतिनिधि स्वयं कार्यालयमा पुगेर अनुगमन गरेपछि सम्बन्धित निकाय गम्भीर बन्ने अपेक्षा उनीहरूले व्यक्त गरेका छन्।

सांसद साक्यको अनुगमनपछि सेवाग्राहीमा सकारात्मक सन्देश गएको स्थानीयवासीले बताएका छन्। उनीहरूले इलाका प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा अझ प्रभावकारी, व्यवस्थित तथा जनमैत्री बनाउन मागसमेत गरेका छन्।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका